नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक १०८ २०७८ साल मंसिर ७ गते मंगलबार (23 Nov. 2021 Tuesday) मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

विवाह गर्न नगरौ हतार, जरुरी छ शिक्षा र सँस्कार

बीस बर्ष पुगेपछि मात्र विवाह गरौ र गराऔं,
उमेर पुग्नुअघिको विवाह सामाजिक र कानूनी अपराध हो ।
त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने
कानूनी व्यवस्था छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : आवश्यकताका आधारमा ... ३ पृष्ठमा : २५ हजार मेट्रिकटन मल ... ३ पृष्ठमा :अष्ट्रेलियाले डिसेम्बर १ देखि..

# लैङ्गिक हिंसा र छुवाछूत न्यूनीकरणका लागि जनचेतना फैलाउनुपर्नेमा जोड



**दैनिक समाचारदाता**
**राजविराज, ६ मंसिर ।**

सप्तरीका प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले लैङ्गिक हिंसा र जातिय विभेद तथा छुवाछूत न्युनिकरणका लागि जनचेतना फैलाउनु पर्नेमा जोड दिएका छन ।

समता फाउन्डेसनको आयोजनामा लैङ्कि हिंसा र जातीय विभेद तथा छुवाछूत न्यूनीकरणका लागि कानुन कार्यान्वयनको भुमिका विषयक संबाद कार्यक्रमका सो कुरामा जोड दिएका हुन् ।

लैङ्गिक हिंसा र जातीय विभेद तथा छुवाछूत न्यूनीकरण गर्ने प्रसस्त ऐन कानुन बने पनी यसको प्रभावकारी कार्यान्वयनको अभावले समाजमा यस्ता घटानाहरुमा कमि आउन नसकेको उनले बताए । कानुनी अज्ञानता कारण ग्रामीण

***बाँकी दुई पृष्ठमा***

# क्यास प्लस कार्यक्रम पालिकास्तरिय गोष्ठी सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, ६ मंसिर ।**

कोभिडका कारण प्रभावित भएका बालवालिकाका लागी सहयोग तथा पोषणमा सुधार, सरसफाई तथा सुरक्षा सम्बन्धी एक दिने पालिकास्तरिय अभिमुखिकरणको सोमबार आयोजना गरिएको छ ।

राजबिराज नगरपालिका, लाईफ नेपाल, युनिसेफ, एनसिभिको संयुक्त आयोजनामा कोभिड १९ वाट प्रभाबित वालवालिकाको सुरक्षा सम्बन्धी कार्यक्रमको आयोजना गरिएको हो ।

उक्त अवसरमा राजबिराज नगरपालिकाका प्रमुख शम्भु प्रसाद यादबले कोभिड कारण आर्थिक रूपमा प्रभाव पारेकोप्रति घरपरिवारका बालवालिकाहरूलाई आर्थिक सहयोग स्वरूप नगद १० हजार नगद उपलब्ध गराउने प्रतिबद्धता जनाए ।

सोही नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत मदन बहादुर थापाले क्यास नगदसहित बाँस,

***बाँकी दुई पृष्ठमा***

## हार्दिक बधाई एवं शुभकामना



कोषाध्यक्ष : प्रमोद कुमार कावरा



सदस्य : संतोष कुमार सिन्हा



सदस्य : सचिन्द्र दास

उद्योग बाणिज्य संघ सप्तरीको कोषाध्यक्ष तथा सदस्य पदमा अत्याधिक मतले निर्वाचित हुनु भएका यस संस्थाका शेयर सदस्य श्री **प्रमोद काबरा** र श्री **संतोष कुमार सिन्हा** तथा जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका अध्यक्ष एवं राष्ट्रिय सहकारी बैंक राजविराज शाखा समन्वय उपसमिति सदस्य श्री **सचिन्द्र दास** लगायत निर्वाचित सम्पुर्ण पदाधिकारी एवं सदस्यहरुलाई हार्दिक बधाई तथा सफल कार्यकालको मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**विश्वनाथ मण्डल**
अध्यक्ष
जन ज्योति कृषि सहकारी संस्था लि.
तथा
संचालक, राष्ट्रिय सहकारी बैंक, राजविराज

मास्क लगाउनुहोस्

मैले लगाएको मास्कले तपाईंको सुरक्षा गर्छ



तपाईंले लगाउनुभएको मास्कले मेरो सुरक्षा गर्छ

हामी सबैको साझेदारीले मात्र हामी एक अर्कालाई बचाउन सक्छौं



मास्क लगाऔं | भौतिक दुरी कायम गरौं | बेलाबेलामा साबुनपानीले हात धोऔं

अनुरोधकर्ता : राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## सम्पादकीय ....

# यातायात कार्यालयको शाखा स्थापन गर्न पहल भएन

प्रदेश २ का तत्कालिन कृषि मन्त्री शैलेन्द्र प्रसाद साहले सप्तरी जिल्लामा यातायात कार्यालयको शाखा स्थापना हुने जानकारी दिएको महिनौं बितिसक्यो । तर, हालसम्म कार्यालय स्थापनाको पहल समेत हुन सकेको छैन् । मन्त्रीले बोलेको कुरा कार्यान्वयन हुन नसक्नु जिल्लावासीका लागि दुःखद हो । गृह जिल्लाकै मन्त्री रहेका व्यक्तिले आफ्नो जिल्लामा यातायात कार्यालयको शाखा ल्याउनका लागि कस्तो पहल भइरहेको छ भन्ने कुरा आजसम्म थाहा हुन सकेको छैन् । विगत लामो समयदेखी यहाँका जनता सवारीसाधनको नविकरण, कर, नामसारी लगायतका सम्पूर्ण कार्य गर्न सिरहाको लहान जानु पर्ने बाध्यता रहेको छ । दिनभरीको समय मिलाएर लहान जाँदा एक दिनमै काम हुन्छ की हुँदैन भन्ने कुरा पनि उनीहरुलाई पिरोलि रहन्छ ।

जिल्लामा यातायात व्यवस्था कार्यालय नहुँदा सेवाग्राहीलाई निकै समस्या हुने गरेको छ । लहानस्थित कार्यालयमा सेवाग्राहीको अत्याधिक चाप हुने गरेकाले दिनभर कामकाज छोडेर आफ्नो काम गराउनु पर्ने बाध्यता छ । कार्यालय वरिपरि रहेका विभिन्न एजेन्टहरुले कर्मचारीलाई आर्थिक प्रलोभनमा पारेर आफ्नो काम पहिला सम्पन्न गराउने गरेका छन् । तर, त्यसको निगरानी भने हुँदैन ।

विगतमा सप्तरी सदरमुकाम राजविराजमै रहेको सो कार्यालय सरेर हाल लहानमा रहेको छ । सप्तरीमा पनि सो कार्यालय स्थापना गर्न हालसम्म सम्बन्धीत निकायको ध्यान पुग्न सकेको छैन् । जनताको समस्यालाई मध्यनजर गर्दै यातायात कार्यालयको शाखा कार्यालय सप्तरीमा पनि स्थापना गराउन वहालवाला मन्त्रीसहित सम्बन्धीत निकायको ध्यान पुग्नु अति आवश्यक छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिलाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# आवश्यकताका आधारमा पिपिए गरिँदै

काठमाडौँ, ६ मङ्सिर (रासस) ।

सरकारले कुन वर्षका लागि कति मेगावाट बराबरको बिजुली थप आवश्यक पर्छ भन्ने तथ्य निर्धारण गरेर विद्युत् खरिद सम्झौता (पिपिए) गर्ने भएको छ । त्यसरी सम्झौता गर्दा नदी प्रवाही भन्दा अर्धजलाशय र जलाशय प्रकृतिका आयोजनालाई विशेष प्राथमिकतामा राखिने भएको छ ।

नेपाल विद्युत् प्राधिकरणले छ हजार मेगावाट क्षमताका नदी प्रवाही आयोजनाको पिपिए गरिसकेको छ । यस्तै नौ हजार मेगावाट क्षमताका आयोजना पिपिएका लागि प्रतिक्षारत छन् । पछिल्लो तीन वर्षदेखि पिपिए रोकिएको छ । पिपिए रोकिएको भन्दै निजी क्षेत्रले आपत्ति मात्रै जनाएको छैन, तत्काल खुलाउन माग गरेको छ । सरकारले रोकिरहेको र निजी क्षेत्रले खुलाउनुपर्ने माग गरिरहेको सन्दर्भमा कुन वर्षका लागि के कति क्षमताका आयोजना आवश्यक पर्ने हो, त्यो निर्धारण गरेर पिपिए गर्ने तयारीमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय रहेको छ ।

ऊर्जामन्त्री पम्फा भुसालले पनि आवश्यकता निर्धारण गरेर पिपिए हुने पटक/पटक सार्वजनिक रुपमा अभिव्यक्ति दिँदै आउनुभएको छ । भारतमा आयोजना निर्माणको समझदारी मात्रै हुन्छ । आयोजना निर्माण भइसकेपछि मात्रै पिपिए हुने गरेको छ । बढी लागत पर्ने आयोजनाको पनि एउटै र कम लागतका आयोजनाको समेत एउटै दरमा पिपिए हुने गरेको छ । प्राधिकरणले हाल वर्षामा प्रतियुनिट चार रुपैयाँ ८० पैसा र हिउँदमा आठ रुपैयाँ ४० पैसामा पिपिए गर्दै आएको छ ।

लागतका आधारमा पिपिए गर्नुपर्छ, भन्ने माग पनि बेला-बेलामा उठेको छ । सबै तथ्य र अवस्थालाई ख्याल गरेर प्रतिस्पर्धाका आधारमा पनि प्रक्रिया अगाडि बढाउने सोच मन्त्रालय र प्राधिकरण दुवैको देखिन्छ । ऊर्जामन्त्री भुसाल आगामी १० वर्षपछिको बिजुलीको मागलाई हेरेर सम्झौता गर्दा त्यो नै बढी वस्तुवादी हुने बताउनुहुन्छ । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले नदी प्रवाही आयोजनाको तत्कालका लागि पिपिए नभए पनि अर्धजलाशय र जलाशययुक्त आयोजनाको पिपिए नरोकिएको बताउनुभयो ।

प्राधिकरणले जलाशयुक्त आयोजनाका लागि औसतमा प्रतियुनिट रु १२ उपलब्ध गराउने गरी २०७४ सालमा नै निर्णय गरिसकेको छ । त्यसमा पनि मौसमी दर तय गरिएको छ । मुलुकको ऊर्जा सुरक्षाका लागि पनि जलाशययुक्त आयोजना अत्यावश्यक देखिन्छ ।

ऊर्जा विज्ञ एवं त्रिभुवन विश्वविद्यालय इञ्जिनीयरिङ अध्यक्ष संस्थानका प्रा डा अमृतमान नकर्मी ऊर्जा सुरक्षामा लागि हरेक देशले थप ३० प्रतिशत बराबरको ऊर्जा जगेडामा राखेका हुन्छन् । नेपालको हकमा जलाशययुक्त आयोजना नै प्रभावकारी हुने भएकाले त्यसैमा जोड दिनुपर्ने उहाँको भनाइ छ ।

प्रणालीमा दुई हजार मेगावाटभन्दा बढी बिजुली जोडिइसकेको छ । यस्तै तीन हजार ५०७ मेगावाट क्षमता बराबरका १३८ आयोजना निर्माणको चरणमा छन् । यसैगरी एक हजार ८५१ मेगावाट क्षमताका ९९ आयोजना निर्माणमा जाने तयारीमा छन् ।

स्वतन्त्र ऊर्जा, उत्पादकको संस्था नेपाल(इपान)का अनुसार १६ हजार ५७४ मेगावाट क्षमताका २०८ आयोजना अध्ययनको विभिन्न चरणमा छन् । यस्तै निकासी प्रयोजनका लागि एक हजार ५७९ मेगावाट क्षमताका दुई आयोजना पनि निर्माणको चरणमा छन् । कूल २५ हजार ४१७ मेगावाट क्षमताका कूल ६११ आयोजना कुनै न कुनै रुपमा निर्माणको प्रक्रियामा रहेको इपानको विवरणमा समावेश गरिएको छ । आर्थिक तथा प्राविधिक हिसाबले ५७ हजार मेगावाट क्षमताका आयोजना नेपालभित्र निर्माण हुनसक्ने अवस्थामा छन् । सरकारले प्रदेश नं २ बाहेक हरेक प्रदेशमा जलाशयुक्त आयोजना निर्माण गर्ने विषयलाई रणनीतिक रुपमा अगाडि बढाएको छ । प्रदेश नं १ को तमोर जलाशयुक्त आयोजना अध्ययनको चरणमा छ ।

चिनियाँ कम्पनी पावर चाइनासँगको सहकार्यमा एचआइडिसिएले अध्ययन जारी राखेको छ । यस्तै वाग्मती प्रदेशमा सुनकोशी दोस्रो र तेस्रो अध्ययन भइरहेको छ । वाग्मती र गण्डकी प्रदेशको सीमामा रहेको एक हजार २०० मेगावाट क्षमताको बूढीगण्डकी जलविद्युत् आयोजना अध्ययन सम्पन्न भएको लामो समय पनि निर्माणमा जान सकेको छैन ।

सरकारले सो आयोजनाको निर्माण ढाँचा टुङ्गो लगाउने तयारी गरेको छ । यस्तै गण्डकी, कर्णाली, लुम्बिनी, सुदूरपश्चिममा पनि जलाशययुक्त आयोजना निर्माण गर्ने गरी प्रक्रिया अगाडि बढाइएको छ । ऊर्जा सुरक्षाका लागि जलाशयुक्त आयोजना महत्वपूर्ण र अर्थपूर्ण रहेको ठहरसहित त्यसैमा जोड दिइएको छ ।

जलाशयुक्त आयोजना लागत र समयका हिसाबले पनि बढी जटिल हुने भएकाले निजी क्षेत्रले आँट गरिहालेको छैन । सरकारले आन्तरिक स्रोत तथा बहुपक्षीय दातृ निकायको सहयोगमा अर्धजलाशय र जलाशययुक्त आयोजना निर्माण सुरु गरिहाल्नुपर्ने निजी क्षेत्रको पनि सुझाव छ । सङ्खुवासभामा भारतीय कम्पनीले ९०० मेगावाट क्षमताको अरुण तेस्रोको निर्माण गरिरहेको छ ।

यस्तै प्राधिकरणले माथिल्लो अरुण अगाडि बढाउने तयारी गरेको छ । यसैगरी दूधकोशी समेत छिट्टै निर्माणमा जाँदैछ । यसले मुलुकको आर्थिक समृद्धिको ढोकासमेत खोल्ने छ ।

# १८ वर्षभन्दा माथिका सबैलाई खोप

काठमाडौँ, ६ मङ्सिर (रासस) ।

सरकारले अब १८ वर्षभन्दा माथिका कोरोना भाइरसविरुद्धको खोप लगाउन छुटेका सबैलाई खोप लगाउन थालेको छ ।

पहिले लक्षित वर्गलाई मात्र लगाउँदै आएको खोप अहिले १८ वर्षभन्दा माथिका सबै सर्वसाधारणलाई लगाउन थालिएको हो । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले खोप नियमित आउन थालेकाले १८ वर्षभन्दा माथिका सबैलाई नियमित खोप लगाउन थालिएको जानकारी दिनुभयो ।

उहाँले यसअघि खोप लगाउन छुटेका सबैलाई खोप केन्द्रमा गई खोप लगाउन आग्रह गर्नुभयो । सरकारले आगामी पुस मसान्तभित्र दुई तिहाई र चैतमसान्तसम्म लक्षित सबैलाई खोप लगाउने लक्ष्य राखेको छ । दुई करोड १७ लाखलाई खोप लगाउने लक्ष्य राखिएको छ ।

अहिलेसम्म कूल जनसङ्ख्याको ३० प्रतिशत जनसङ्ख्यालाई पहिलो मात्रा र २६ प्रतिशत जनसङ्ख्यालाई दोस्रो मात्राको खोप प्रदान गरिएको छ । काठमाडौँ जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख शम्भु काफ्लेले १८ वर्षभन्दा माथिका सबैलाई काठमाडौँका पाँच खोप केन्द्रबाट नियमित खोप प्रदान गरिरहेको बताउनुभयो ।

उहाँले भेरोसेल र एस्ट्राजेनिका खोप दिइसकेको बताउनुभयो । उहाँका अनुसार कार्यालयले वीरेन्द्र सैनिक अस्पताल, नेपाल प्रहरी अस्पताल, कलङ्कीको शहीद मेमोरियल अस्पताल, बल्खुमा बयोधा अस्पताल, गोगंबुस्थित नयाँ बसपार्कको लोत्से भवन र जडीबुडीस्थित जडीबुडी प्रशोधन केन्द्रमा नियमित खोप प्रदान गरिरहेको छ ।

*बाँकी तीन पृष्ठमा*

## *लैङ्गिक हिंसा र ...*

क्षेत्रका महिला तथा दलित समुदायहरु विभिन्न हिंसा सहेर वस्न वाध्य भएको उनको भनाई थियो ।

"सामजमा धेरै विकृति, महिलामाथि हिंसा, जातको आधारमा विभेद तथा छुवाछूतको जटिल अबस्थामा छ" उनले भने, "कानुनी ज्ञानको अभावले पीडितहरु यस्ता घटनालाई लिएर सम्बन्धित ठाउँमा अझै आउन सकेको छैन" ।

प्रजिअ गौतमले हिंसा र जातीय विभेद तथा छुवाछूत न्यूनीकरणका लागि जनचेतनामुलुक कार्यक्रमको अबश्यकता रहेको औल्याउदै पीडितको उजुरीको आधारमा घटनामा संलग्नहरुलाई कडा कारवाही गर्नुपर्नेमा जोड दिए ।

सबैको सामुहिक प्रयासबाट मात्र यस्ता घटना न्यूनीकरण गर्न सकिन्छ, गौतमले भने, "अपराध मुक्त सामाज निर्माणका लागि नागरिक जागरुक हुनुपर्छ ।" पीडित भन्दा पिडक पक्ष उजुरी दिन पहिले आउने गरेका कारण पीडित पक्षले न्याय पाउन कठिनाइ हुने गरेको चर्चा गर्दै प्रजिअ गौतमले यस्तो अवस्थामा सत्यतथ्य बाहिर ल्याउन संचारकर्मीहरुको भुमिका महत्व हुने वताए ।

उनले हिंसाका घटनाहरुलाई उजागर गर्न संचारकर्मीहरुलाई आग्रह गर्दै लैङ्गिक हिंसा र जातिय विभिद र छुवाछूत जस्ता जघन्य अपराधमा संलग्नतालाई कडा कारबाही गर्ने प्रतिवद्धाता समेत व्यक्त गरे ।

नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रावण देवले लैङ्गिक हिंसा, जातीय विभेद विरुद्धको ऐना कानुनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्नेमा जोड दिए । कार्यक्रममा राजविराज नगरपालिकाका उपप्रमुख साधाना झा, तिरुहुत गाउँपालिकाका उपाध्यक्ष तिर्थमाया मण्डल, एकल महिला संघ प्रदेश २ का अध्यक्ष अनिता देवकोटा, महिला अधिकारकर्मी करुणा झा, साधाना कर्ण, संचारकर्मी सुधा देव, अञ्जली मेहतर लगायतले बोलेका थिए ।

समता फाउन्डेसन प्रदेश २ का कार्यालय अधिकृत रामपुकार महराद्वारा संचालित कार्यक्रममा संवाद कार्यक्रमको बारे फाउन्डेसनका कानुनी सल्लाहकार अधिवक्ता प्रकाश नेपालीले गरे भने स्वागत कल्पना विश्वकर्माले गरिन ।

कार्यक्रममा जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय, जिल्ला सरकारी वकिल कार्यालय, जिल्ला प्रहरी कार्यालय, न्यायिक समितीका पदाधिकारी, संचारकर्मी, महिला अधिकारकर्मी, दलित अधिकारकर्मी लगायतका सरोकारवाला पक्षहरुको प्रतिनिधिहरुको उपस्थिती रहेको थियो ।

## *क्यास प्लस ...*

पोषण, सरसफाई र उनीहरूलाई कोभिडवाट जोगाउन र सुरक्षामा सहयोग पुऱ्याउने उद्देश्यले युनिसेफ र लाईफ नेपालको सहयोगमा गरिएको कार्यक्रमप्रति आभार व्यक्त गरे ।

यसैगरी कार्यक्रममा युनिसेफ बाल संरक्षक मेघराज मगरले कोभिडका कारण परिवारवाट अल्गिएका, आमाबुवा गुमाएका बालवालिकाहरूलाई पारिवारिक सहयोग, मनोसमाजिक सहयोग, बाल संरक्षण सुचना संकलन तथा विश्लेषण, सामुदायिक मनोसामाजिक कार्यकर्ता तयारी र परिचालन सम्बन्धि गतिबिधि राजबिराज नगरपालिकाको १६ वटै वडामा संचालन गर्ने बताए ।

त्यस्तै युनिसेफका वास कार्यक्रमका संयोजक अन्नपुर्ण मिश्राले राजबिराज नगरपालिका र राजगढ गाउपालिकामा कोभिड प्रभाबित घरपरिवारका ब्यक्तीहरूलाई आयआर्जनमा टेवा पुऱ्याउन युनिसेफको वास सेक्टरबाट पलम्बिंग, ईलेक्ट्रिसियन, मास्कन र सेनिटरी प्याड तथा मास्क बनाउने तालिम समेत संचालन गरिएको जानकारी दिए ।

सो अवसरमा राजबिराज नगर उपप्रमुख साधना झा, राजबिराज वडा १ का अध्यक्ष चन्द्रशेखर चौधरी, वडा २ का अरूण यादब, वडा ५ का अध्यक्ष समीर झा, वडा ७ का अध्यक्ष मागीलाल नाई, वडा ८ का जयनारायण मण्डल, वडा ९ का शम्भुप्रसाद यादब ( लाली), वडा ११ का अध्यक्ष संजय यादब, वडा १२ का हरिहर यादब, वडा १३ का राजेन्द्र यादब, वडा १४ का शोभालाल मण्डल, वडा १५ का अध्यक्ष राम प्रसाद यादब, वडा १६ का अध्यक्ष बुचाई दास को सहभागिता रहेको थियो ।

त्यस्तै राजबिराज नगरपालिकाका योजना अधिकृत मनोज कुमार यादब, स्वास्थ शाखा प्रमुख निरन्जन यादब, शिक्षा शाखा प्रमुख भोगेन्द्र यादब, महिला बिकास अधिकृत अनिता चौधरी, कृषि शाखा प्रमुख हरिनारायण यादब, गैसस कार्यवाहक अध्यक्ष बलदेव मण्डल, युनिसेफ पोषण कार्यक्रमका सुन्दर लामा, लाईफ नेपालका राजबिराज नगरपालिका संयोजक सुनिता राम, खानेपानी का सनोज देव लगायत को उपस्थिति रहेको थियो ।

उक्त कार्यक्रम सप्तरी, धनुषा, रौतहट जिल्लाको ५ वटा स्थानिय तहमा क्यास प्लस कार्यक्रम संचालनमा रहेको युनिसेफका अन्नपुर्ण मिश्राले बताईन ।

# २५ हजार मेट्रिकटन मल नेपाल भित्रिँदै

वीरगञ्ज, ६ मङ्सिर (रासस) ।

पछिलो पटक चीनबाट ल्याइएको कूल २५ हजार मेट्रिकटन रासायनिक मल डिएपी नेपाल भित्र्याउने तयारी गरिएको छ । चीनबाट भारतसम्म र भारत हुँदै नेपालसम्म मल भित्र्याउने योजनाअन्तर्गत अहिले उक्त मल नेपालको सीमावर्ती भारतीय बजारसम्म आइपुगेको हो ।

नेपालमा विशेष गरी तीन नाकाबाट रासायनिक मल नेपाल भित्रिने गर्दछ । वीरगञ्ज, विराटनगर र भैरहवा नाका पर्दछन् । कृषि सामग्री कम्पनी लिमिटेड २ नं प्रदेश कार्यालय वीरगञ्जका अनुसार सीमापारी भारतीय बजारसम्म आइपुगेको उक्त मल अब नेपालसम्म भित्र्याउने अन्तिम तयारी गरिएको हो ।

सिमापारी भारतीय बजार रक्सौलसम्म आइपुगेको रासायनिक मल (डिएपी)लाई अब तत्कालै नेपाल भित्र्याउने तयारी गरिएको कार्यालयका सहायक प्रबन्धक दुर्गाप्रसाद पाण्डेले जानकारी दिनुभयो । पाण्डेका अनुसार यसपटक भित्रिएको कूल २५ हजार मेट्रिकटन रासायनिक मल डिएपीमध्ये नौ हजार भैरहवा नाकाबाट, नौ हजार ५०० वीरगञ्ज नाकाबाट र छ हजार ५०० मेट्रिकटन रासायनिक मल विराटनगर नाकाबाट नेपाल भित्रिने छ ।

यस पटक भित्र्याइएको रासायनिक मल डिएपी विशेष गरी गहुँ, मकै र तोरीलगायत बालीका लागि उपयुक्त मानिन्छ । भारतीय सप्लायर्स कम्पनी इञ्जीयन पोटास लिमिटेडमार्फत नेपाल भित्र्याउन लागेको उक्त रासायनिक मल डिएपी कृषि सामग्री कम्पनी लिमिटेडमार्फत नेपालका विभिन्न भू-भागमा पर्दछ ।

नेपाली भित्रिने विभिन्न मललाई देशका विभिन्न स्थानमा संरचना रहेको कृषि सामग्री कम्पनी लिमिटेडले स्थानीय सहकारी संस्थामार्फत किसानलाई सहुलियत दरमा मल उपलब्ध गराउँदै आएको छ ।

**खोप भण्डारण कक्ष स्थापना**

प्रदेश नं दुईको एक मात्र महानगरपालिका वीरगञ्जले विविध प्रकारको खोप व्यवस्थापन गर्ने उद्देश्यले खोप भण्डारण कक्ष स्थापना गरेको छ । बालबालिकालाई लगाइने नियमित खोपका साथै वर्तमान अवस्थामा आवश्यक कोभिड विरुद्धको खोप भण्डारण सहज बनाउन महानगरपालिकाले खोप भण्डारण कक्ष स्थापना गरिएको हो ।

स्थापना गरिएको खोप भण्डारण कक्षमा महानगरवासीलाई आवश्यक विविध प्रकारका खोप व्यवस्थापन सहज हुने अपेक्षा गरिएको महानगरका प्रमुख विजयकुमार सरावगीले जानकारी दिनुभयो । उक्त खोप भण्डारण कक्षमा आवश्यकताअनुसार खोप चिसो बनाइ राख्ने रेफ्रिजेरेटर, आइस प्याकफ्रिजर, भ्याक्सिनक्यारियर, कोल्ड बक्सलगायत उपकरण व्यवस्थापन गरिएको महानगरपालिकाका स्वास्थ्य शाखा संयोजक रितेश जयसवालले जानकारी दिनुभयो ।

खोप भण्डारण कक्ष सञ्चालनमा आएसँगै महानगरका बालबालिकालाई लगाइने नियमित तथा कोभिडविरुद्धको खोपको अभाव नहुने बताइएको छ । अहिलेसम्म महानगरमा आवश्यक खोप अन्य स्थानमा भण्डारण गर्नुपर्ने बाध्यता थियो । अब खोप सहजरुपमा उपलब्ध हुने महानगरपालिकाले बताएको छ ।

## १८ वर्षभन्दा ...

यसैगरी उहाँले १२ देखि १७ वर्ष उमेर समूहका बालबालिकालाई पनि हिजोदेखि फाइजर खोप उपलब्ध गराउन थालिएको बताउनुभयो । उहाँले शहीद गङ्गालाल हृदयकेन्द्र, वीरेन्द्र सैनिक अस्पताल, वीर अस्पताल र सिभिल अस्पतालमा फाइजर खोप लगाउन थालिएको छ । फाइजर खोप अभियान भोलिसम्म सञ्चालन हुने छ ।

यसैगरी सबै गर्भवती महिलालाई पनि खोप लगाउन सुरु गरिएको छ । यसअघि उच्च जोखिम भएका गर्भवती महिलालाई मात्र खोप लगाउने गरेता पनि अबदेखि गर्भवती भएको तीन महिना पूरा भएका सबै महिलालाई लगाउन थालिएको मन्त्रालयका सहप्रवक्ता डा अधिकारीले जानकारी दिनुभयो ।


रुपनी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रुपनी, सप्तरी
प्रदेश नं. २, नेपाल

प.स : २०७८।०७९
च.नं :

☎ ०३१-४५००३५
मिति : २०७८।०८।०६गते

**च्यापकटर मेसिन खरिद सम्वन्धि सिलवन्दी दरभाउपत्र आह्वानको सुचना**

प्रथम पटक प्रकाशित मिति २०७८।०८।०६गते

प्रस्तुत बिषयमा यस गाँउपालिकाको आ.व.२०७८।०७९ को पशुपंक्षी विकाश शाखाको स्वीकृत बार्षिक कार्यक्रम तर्फ ५०% अनुदानमा च्यापकटर मेसिन वितरण तथा ढुवानीका लागि रकम विनियोजन भए बमोजिम शिलवन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक ईजाजत प्राप्त फर्म,संस्था,पसल,कम्पनी तथा सप्लायर्सहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको सीलवन्दी दरभाउ आह्वान गरिएको छ ।

शर्तहरु :

१. दरभाउ प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयको राजस्व शाखामा रु.१०००।- (अक्षेरुपी एक हजार रुपैया मात्र) पछि फिर्ता नहुने गरी बुझाई अध्यावधिक नविकरण भएको ईजाजतपत्र, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपी तथा कालो सुचिमा नरहेको स्वघोषणा संलग्न राखी सम्वन्धित फर्म, संस्था,पसल, कम्पनि तथा सप्लायर्सहरु वा अधिकार प्राप्त प्रतिनिधिले यस कार्यालयका पशुपंक्षी विकाश शाखाबाट दरभाउ सम्वन्धि कागजात (Tender Document) खरिद गर्न सकिनेछ ।

२. खरिद भएको दरभाउपत्रमा उल्लेख भएका सबै विवरणहरु प्रस्टसँग भरी सम्वन्धित फर्म, संस्था,पसल, कम्पनि तथा सप्लायर्सहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिले प्रत्येक पानामा सहीछाप गरी खाममा सिलबन्दी गरी सो खाम बाहिर नाम, ठेगाना, सूचना नं. र कामको नाम प्रष्ट सँग लेखी १६ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नुपर्ने छ । दर्ता भएका बोलपत्रहरु सोही दिनको २:०० बजे उपस्थित दरभाउदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउदाताहरु वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. दरभाउ धरौटी बापतको रकम यस गाउँपालिका कार्यालयको ग्लोबल आईएमई बैंक रुपनी शाखामा रहेको धरौटी खाता नं. R६०४०१००००००५ मा नगद जम्मा गरी सोको सक्कलै बैंक भौचर वा सो रकम वरावरको नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकबाट यस गाउँपालिका कार्यालयको नाममा जारी गरिएको बिडवण्ड (बोलपत्र खोलेको मितिले कम्तिमा १२० दिन अवधि भएको) पेश गर्नु पर्नेछ । फाईनान्स कम्पनीबाट जारी भएको बिडवण्ड मान्य हुने छैन ।

४. दरभाउ शर्त रहित, केरमेट नभएको, कार्यालयबाट उपलब्ध गराएको दरभाउ पुस्तिकामा नै कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनु पर्नेछ । समय भित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाको शर्त विपरित भएको दरभाउ माथि कारवाही हुने छैन ।

५. दरभाउपत्र भर्दा दररेट स्पष्ट रुपमा भर्नु पर्नेछ । अक्षर र अंकमा फरक पर्न आएमा अक्षरमा उल्लेखित दरलाई आधार मानी जम्मा रकम कायम गरिनेछ ।

६. दरभाउ खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा विदा लगत्तै कार्यालय खुलेको दिन कायम गरी उक्त कामहरु हुनेछ ।

७. दरभाउ सम्वन्धि थप जानकारी लिन परेमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

८. प्रचलित कानुन बमोजिम तोकिएको आधारहरु पुरा नभएको, रित नपुगेको, म्याद भित्र दर्ता नभएको र यस सूचना एवं दरभाउ सम्वन्धि कागजातमा उल्लेखित शर्तहरु पुरा नभएको दरभाउ उपर कारवाही हुने छैन ।

९. दरभाउपत्रबाट खरिद गर्ने च्यापकटर मेसिन न्युनतम मापदण्डको विवरण दरभाउ फारम साथ संलग्न हुनेछ ।

१०.अन्य थप यस सूचनामा नसमेटिएको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।

११.एक फर्म,पसल, कम्पनि वा सप्लार्यस नाममा खरिद भएको दरभाउपत्र फारम अर्को फर्म, संस्था, कम्पनि तथा सप्लायर्सको नामबाट दाखिला गर्न पाइने छैन ।

१२.दरभाउपत्र साथ पेश गर्ने कागजातहरुको प्रतिलिपि समेत पेश गर्नु पर्नेछ ।

१३.कुनै कारण नजनाई आंशिक वा पुरै दरभाउ स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिका कार्यालयमा सुरक्षित रहनेछ ।

१४.प्रकाशित सूचनामा कुनै संशोधन गर्नु पर्ने भएमा सोको जानकारी यस कार्यालयको सूचना पाटी वा Website मार्फत गराईनेछ ।

तपशिल

| सि.नं. | सिलबन्दी दरभाउपत्र नं. | कामको नाम र विवरण | स्वीकृत वार्षिक रकम | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | पशु/०४/०७८/०७९ | च्यापकटर मेसिन खरिद तथा ढुवानी समेत | रु १०,००,०००। | रु २५,०००। | ५०% अनुदानमा |

अरविन्द कुमार चौधरी
(प्रमुख प्रशासकिय अधिकृत)


## विश्व समाचार

### अष्ट्रेलियाले डिसेम्बर १ देखि पूर्ण खोप लगाएकालाई प्रवेश अनुमति दिने

क्यानबेरा अष्ट्रेलियो, ६ मङ्सिर (रासस/एएनआइ) ।

अष्ट्रेलियाले सोमबार आफ्नो यात्रा नियम थप खुकुलो पार्दै पूर्ण खोप लगाएका पर्यटकलाई डिसेम्बर १ देखि यात्रा छुटको लागि आवेदन नै नगरी देश प्रवेश गर्न अनुमति दिने जनाएको छ ।

त्यस्ता योग्य राहादानी धारकमा दक्षजनशक्ति, विद्यार्थी, मानवीय सेवामा काम गर्ने, छुट्टी मनाउने र अस्थायी पारिवारिक राहादानी बोकेका समावेश छन् । अष्ट्रेलियाका प्रधानमन्त्री स्कट मोरिसनले एक विज्ञप्तिमा जनाएअनुसार १ डिसेम्बर २०२१ देखि, पूर्ण खोप लगाएका योग्य भिसा धारकले यात्रा छुटको लागि आवेदन नगरी अष्ट्रेलिया आउन सक्नेछन् ।

"योग्य भिसा धारकमा दक्ष र विद्यार्थी समूह, साथै मानवीय, काम गर्ने छुट्टी बनाउने र अस्थायी पारिवारिक भिसा धारक आदि समावेश गरिएका छन् ।" उहाँका अनुसार यी परिवर्तनले यो सुनिश्चित गर्नेछ कि "हामीले अष्ट्रेलियालीको स्वास्थ्यको रक्षा गर्दै विछोडमा परेका परिवारलाई पुनर्मिलन गर्दै आर्थिक पुनोरोत्थानको कामलाई पनि बढावा दिनेछौं ।"

यी व्यवस्थाहरू अन्तर्गत मोरिसनले यात्रुहरूले अष्ट्रेलियाको थेराप्यूटिक गुड्स एडमिनिस्ट्रेशन टिजीद्वारा स्वीकृत वा मान्यता प्राप्त खोपको पूर्ण मात्रा खोप लगाउनुपर्नेछ । "अष्ट्रेलियामा दक्ष कामदार र अन्तर्राष्ट्रिय विद्यार्थीहरूको फिर्ताले हाम्रो आर्थिक पुनरुत्थानलाई अझ बलियो बनाउनेछ, हाम्रो अर्थतन्त्रलाई आवश्यक पर्ने मूल्यवान् कामदारहरू प्रदान गर्ने र हाम्रो महत्वपूर्ण शिक्षा क्षेत्रलाई समर्थन गर्ने छ, मोरिसनले भन्नुभयो, "अष्ट्रेलियाले महिनौंको कडा महामारी प्रतिबन्धपछि नोभेम्बर १ मा क्वारेन्टिनमुक्त यात्रुका लागि आफ्नो सीमा फेरि खोलेको छ ।

गत वर्ष मार्च २० मा, अष्ट्रेलियाले कोरोनाभाइरस महामारीको प्वढ्दो सङ्क्रमण नियान्त्रण गर्ने उद्देश्यले विश्वको सबैभन्दा कडा सीमा प्रतिबन्ध अपनाएको थियो । अष्ट्रेलियाले १८ महिनासम्म अनुमतिबिना विदेश यात्रा गर्न आफ्ना नागरिकलाई पनि कडा प्रतिबन्ध लगाएको थियो ।"

### अमेरिकामा क्रिसमस परेडमा गाडी ठोक्किँदा पाँच जनाको मृत्यु, ४० घाइते

वासिङ्टन, ६ मङ्सिर (रासस-एएफपी) ।

अमेरिकाको विस्कन्सिन राज्यमा आइतबार क्रिसमस परेडमा एक सवारीसाधनले ठक्कर दिँदा पाँच जनाको मृत्यु हुनुका साथै अन्य ४० जना घाइते भएको प्रहरीले जनाएको छ ।

वाउकेशा प्रहरी विभागले आफ्नो आधिकारिक फेसबुक पेजमा एक विज्ञप्तिमार्फत् उक्त घटनाम ५ जनाको मृत्यु भएको र ४० जना घाइते भएको पुष्टि गरेको छ ।

### स्वीडेनको एरिक्सनले अमेरिकी क्लाउड अपरेटर भोनेज किन्ने

स्टकहोम, ६ मङ्सिर (रासस-एएफपी) ।

एरिक्सनले अमेरिकी क्लाउड-आधारित सञ्चार प्रदायक भोनेज, स्विडेनी कम्पनीको हालको मेमोरीमा सबैभन्दा ठूलो कम्पनी अधिग्रहण गर्न लागिरहेको छ । जसबाट यसले परम्परागत दूरसञ्चार उपकरण व्यवसायभन्दा बाहिर आफ्नो व्यवसाय सञ्चालनलाई फराकिलो बनाउँने अपेक्षा गरिएको छ ।

कम्पनीका अनुसार ६.२ अर्ब (५.५ बिलियन युरो) सम्झौता वायरलेस इन्टरप्राइजमा आफ्नो उपस्थिति विस्तार गर्न र यसको विश्वव्यापी प्रस्तावलाई फराकिलो बनाउने एरिक्सनको रणनीतिको एक हिस्सा हो । यो प्रस्ताव भोनेजको निर्देशक बोर्डद्वारा सर्वसम्मतिले अनुमोदन गरिएको थियो ।

एरिक्सन फाइभजी नेटवर्क जस्ता क्षेत्रमा चीनको हुवावे र फिनल्याण्डको नोकियासँग प्रतिस्पर्धा गरिरहेको विश्वको सबैभन्दा ठूलो टेलिकम उपकरण निर्माता कम्पनी हो । २१ डलर प्रति सेयरमा, यो प्रस्तावले शुक्रबारको टेक-हेभी नास्डाक स्टक एक्सचेन्जमा भोनेजको बन्द मूल्यभन्दा २८ प्रतिशत प्रिमियम प्रतिनिधित्व गरेको छ ।

२००१ मा स्थापित, भोनेज आइपी भ्वाइस टेलिफोन प्रदान गर्दछ र हालका वर्षमा क्लाउड-आधारित सञ्चार प्लेटफर्म विकसित गरिरहेको छ । कम्पनीसँग १२०,००० ग्राहक छन् जसले एक मिलियन विकासकर्तालाई यसको एपिआइ इन्टरफेसमा पहुँच गर्न अनुमति दिन्छ जुन यसको ४ १.४ बिलियनको वार्षिक बिक्रीको ८० प्रतिशत हिस्सा हो ।

# विवेकको उत्कृष्ट प्रदर्शनले सप्तरी फाइनलमा प्रवेश



**दैनिक समाचारदाता**
**राजविराज, ६ मंसिर ।**

रौतहटमा जारी यु १९ क्रिकेट छनोट क्रिकेट प्रतियोगितामा विवेक यादवको उत्कृष्ट प्रदर्शनले सप्तरी फाइनलमा स्थान बनाउन सफल भएको छ ।

सोमबार सम्पन्न सेमिफाइनल खेलमा सिरहालाई ८ बिकेटले पराजित गर्दै सप्तरी फाईनलमा प्रवेश गरेको छ ।

सो खेलमा सिरहाले टस जितेर निर्धारित ३५ ओभरको खेलमा ३३ ओभरमा १० बिकेट गुमाई १ सय ३१ रनको योगफल खडा गरेको थियो । जसमा सुभमन घटराज ३६ रन, कमरूदिन २१ रन र कृष्णा गुप्ताले १७ रन जोडेका थिए ।

यता बलिङतर्फ सप्तरीका नितेश यादव ३ बिकेट, अजय यादव र अभिषेक कार्की २/२ तथा बिवेक यादव र पप्पु यादव १/१ बिकेट हात पारे ।

प्रतिउत्तरमा सप्तरी यु १९ टिमले १७ ओभर १ बल खेल्दै सो लक्ष्य प्राप्त गरि बिजयी भयो । जसमा बिवेक यादबले उत्कृष्ट ब्याटिङ गर्दै ३९ बलमा ७ छक्का र ३ चौकाको मदतले अविजित ६४ रन बनाएका थिए । यस्तै आशिष झाले अविजित २२ रन बनाएका थिए भने अमित मण्डलले १२ रन जोडे ।

यस्तै सिरहाका बलर मनोज यादबले १ विकेट हात पारे पनि अरू कुनै पनि खेलाडी बिकेट हात पार्न सकेनन् । खेलको म्यान अफ दि म्याच सप्तरीका बिबेक यादव घोषित भए ।

प्रतियोगिता अन्तरगत मंगलबार फाइनल खेलमा सप्तरीले रौतहटसँग खेल्ने सप्तरी क्रिकेट सँघका सदस्य बिरेन्द्र यादबले जानकारी दिएका छन् ।


कोरोना घटाउन र हटाउन
जनस्वास्थ्यका मापदण्ड पालना गरौं



मास्क लगाऔं, साबुनपानीले हात धोऔं, भौतिक दुरी कायम राखौं
आफू सुरक्षित रही
अरुलाई पनि सुरक्षित रहन मद्दत गरौं

अनुरोधकर्ता : विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी


# माओवादी केन्द्र सप्तरीको वडा सम्मेलन सम्पन्न

**दैनिक समाचारदाता**
**राजविराज, ६ मंसिर ।**

नेपाल कम्युनिष्ट पार्टी ( माओवादी केन्द्र) को केन्द्रिय निर्वाचन आयोग २ नम्बर प्रदेश निर्वाचन समितिले सप्तरीका सम्पूर्ण वडाका वडा सम्मेलन शनिबार सम्पन्न भएको जानकारी दिएको छ ।

समितिका सिरहा, सप्तरीका संयोजक अभिनाश प्रसाद सिंहले जिल्लाका ९ नगरपालिका र ९ गाउँपालिका बिभिन्न वडाको वडा सम्मेलन सम्पन्न भएको जानकारी दिए ।

उनका अनुसार सप्तरीको राजविराज नगरपालिकामा धनश्याम यादव, शम्भुनाथ नगरपालिकामा शोभा साह, बादेवर्साइन नगरपालिकामा डा सुर्य प्रसाद यादव, डाकनेश्वरी नगरपालिकामा प्रमोद कुमार यादव, सप्तकोशी नगरपालिकामा ब्रहमदेव चौधरी, कञ्चनरुप नगरपालिकामा कमल राई, हनुमाननगर कंकालिनी नगरपालिकामा हरी प्रसाद मण्डल, सुरुङ्गा नगरपालिकामा पुण्य प्रसाद यादव, खडक नगरपालिका मो.जाकीर हुसेनलाई निर्वाचन सम्पन्न गराउन जिम्मेवारी दिएको बताए ।

त्यस्तै तिलाठी कोईलाडी गाउँपालिकामा दिपेन्द्र झा, बिष्णुपुर गाउँपालिकामा मो हुसेन, राजगढ गाउँपालिकामा गोबिन्द मण्डल, महादेवा गाउँपालिकामा राम एकवाल मण्डल, अग्नी साइरकृष्ण सवरण गाउँपालिकामा मनोज यादव, तिरहुत गाउँपालिकामा पंचम सिंह, रुपनी गाउँपालिकामा छोटे लाल यादव, छिन्नमस्ता गाउँपालिकामा महेश्वर मण्डल, बलान बिहुल गाउँपालिकामा राम चन्द्र साहलाई निर्वाचन सम्पन्न गर्न जिम्मेवारी दिएको सयोंजक सिंहले जानकारी दिए ।

उनले वडा सम्मेलन शान्तिपुर्ण तरिकाले सम्पन्न गराउनमा सहयागे गर्ने नेता, कार्यकर्ता लगायत सम्पुर्णलाई धन्यवाद समेत ज्ञापन गरे ।

# जुवा खेल्ने स्थलबाट डेढ लाख भन्दा बढी नगदसहित दुई पक्राउ

**दैनिक समाचारदाता**
**धनुषा, ६ मंसिर ।**

जुवा खेल्ने स्थलबाट धनुषा प्रहरीले डेढ लाख नगदसहित दुई जना जुवाडेलाई पक्राउ गरेको छ । प्रहरीले जुवाको खालबाट १ लाख ६६ हजार ३ सय ५ रुपैयाँ बरामद गरेको हो ।

धनुषाको मिथिला नगरपालिका वडा नं. ११ बाहुनमारास्थित मान बहादुर थापाको गोठ घरमा जुवा खेल्दै गरेका सर्लाहीको चन्द्र नगरपालिका वडा नं. ६ का ६० वर्षीय लक्ष्मी राउत र सोही स्थान घर भई हाल जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ बस्दै आएका ५१ वर्षीय फेकन चौधरी छन् । यता जुवा खेलिरहेका १०/१२ जना भने फरार भएका प्रहरीले जनाएको छ ।

गोप्य सूचनाको आधारमा इलाका प्रहरी कार्यालय ढल्केबरबाट खटेको प्रहरी टोलीले घेरा हाली नियन्त्रणमा लिन खोज्दा १०/१२ जना फरार भएको बताएको छ ।

# मंसिर १७ गतेदेखि मतदाता नामावली संकलनसम्बन्धी विशेष अभियान सञ्चालन हुने

**दैनिक समाचारदाता**
**काठमाडौं, ६ मंसिर ।**

निर्वाचन आयोगले यही मंसिर १७ गतेदेखि मतदाता नामावली संकलनसम्बन्धी विशेष अभियान सञ्चालन गर्ने जनाएको छ ।

७७ वटै निर्वाचन कार्यालय, ७७ जिल्ला प्रशासन कार्यालय र विभिन्न जिल्लाका ४० वटा इलाका प्रशासन कार्यालयबाट हाल भइरहेको मतदाता नामावली संकलन कार्यलाई निरन्तरता दिँदै मंसिर १७ गतेदेखि ती कार्यालय रहेका स्थानीय तह बाहेकका ६ सय ३७ वटा स्थानीय तहको केन्द्रमा समेत मतदाता नामावली संकलन हुने आयोगले जनाएको छ ।

आयोगका अनुसार मतदाता नामावली संकलन कार्य हिमाली र पहाडी जिल्लाका स्थानीय तहमा १० दिनसम्म सञ्चालन हुने र तराई, भित्री मधेस तथा काठमाडौं उपत्यकाका स्थानीय तहमा १५ दिनसम्म सञ्चालन हुनेछ ।

मतदाता नामावली संकलन कार्य हरेक जिल्लामा दुई चरणमा सञ्चालन हुने भएकोले सम्बन्धित निर्वाचन कार्यालयबाट प्रकाशित कार्यक्रम हेरी आफ्नो स्थानीय तहमा कार्यक्रम सञ्चालन हुने अवधिको बारेमा जानकारी प्राप्त गर्न सकिने पनि आयोगले जनाएको छ । नामावली संकलन अभियानमा १६ वर्ष उमेर पूरा गरी नेपाली नागरिकता प्राप्त गरेका सबै नागरिकको मतदाता नामावलीको विवरण संकलन हुने पनि आयोगले प्रस्ट पारेको छ ।

आफ्नो स्थायी ठेगाना रहेको जिल्लास्थित निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालयबाट नाम दर्ता गर्न मिल्ने साविकको व्यवस्था हुँदाहुँदै विभिन्न रोजगारी वा अध्ययनको सिलसिलामा आफ्नो जिल्ला बाहिर रहेका नागरिकहरूलाई समेत सहज रूपमा मतदाता दर्ता प्रकृयामा सहभागी गराउन मंसिर १७ गतेदेखि निरन्तर रूपमा सबै निर्वाचन कार्यालयबाट अन्य जिल्लामा स्थायी ठेगाना रहेका नागरिकहरूको समेत मतदाता नामावली संकलन गरिने आयोगले जनाएको छ ।

यसरी अन्य जिल्लाको निर्वाचन कार्यालयमा मतदाता नामावली दर्ता गराएका व्यक्तिको नाम निजको स्थायी ठेगाना रहेको मतदाता नामावलीमा समावेश हुने गरी सम्बन्धित जिल्लाको निर्वाचन कार्यालयमा पठाइने र निजको मतदाता परिचयपत्र समेत स्थायी ठेगाना भएको जिल्लाबाटै प्राप्त गर्ने व्यवस्था मिलाइने आयोगले जनाएको छ ।

मंसिर १७ गतेदेखि सुरू हुने मतदाता नामावली संकलन विशेष कार्यक्रममा देशभर करिव २ हजार ३ सय कर्मचारी प्रत्यक्ष रूपमा संलग्न हुने जनाइएको छ । मतदाता नामावली संकलन अभियानमा सबै राजनीतिक दल, तीनै तहका सरकारहरू, आम सञ्चार माध्यम तथा नागरिक समाजलाई समेत आयोगले आआफ्नो स्थानबाट सहयोग गरिदिन आग्रह गरेको छ ।

## माओवादी केन्द्र रावि वडा नं. ६ को भेला सम्पन्न

**दैनिक समाचारदाता**
**राजविराज, ६ मंसिर ।**

माओवादी केन्द्र राजविराज वडा नं. ६ को सोमबार वडा भेला सम्पन्न भएको छ । वडा अध्यक्ष प्रेम कुमार यादवको अध्यक्षतामा २९ सदस्यीय वडा समिति गठन भएको हो ।

वडा अध्यक्ष यादवको अध्यक्षता तथा पार्टीका जिल्ला अध्यक्ष उमेश यादवको प्रमुख आतिथ्यमा सम्पन्न भेलामा मजदुर संगठनका प्रदेश सचिव केदार देव, वाइसिएलका नगर इन्चार्ज संजय दास लगायतको सहभागिता रहेको थियो ।


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*